# कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधी, २०७९

**कटहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी, मोरङ्ग**

# कटहरी गाँउपालिका

## कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधी,२०७९

गाँउकार्यपालकाबाट स्विकृत मिति :- २०७९/०४/२४

**प्रस्तावना**

गाँउपालिकाको समग्र बिकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताको लागी आर्थिक विकास अपरिहार्य अनि अनिवार्य पक्ष हो । यस कार्यको लागी उन्नत जातिय नश्ल सुधार तथा ब्यवसायिक पशुपालन गरी दिगो र सममुन्नत समाज निर्माण गर्न अति आवश्यक छ । यस गाँउपालिका भित्र आर्थिक बिकासको मेरुदण्डको रुपमा रहेको पशुपालन ब्यवसायलाई थप दिगो तथा नाफामुखि बनाउनलाई पशुपालनलाई कृत्रिम गर्भाधान प्रविधीलाई निशुल्क रुपमा सेवा पुर्याई कृषकहरुको जिविकोपार्जनमा सुधार ल्याई सम्मुन्नत आर्थिक दिगो विकासको लागी "कटहरी गाँउपालिका को प्रशासकिय कार्यविधी नियमित गर्ने ऐन २०७५"बमोजिम कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबसधी,२०७९ जारी गरिएको छ ।

### परिच्छेद — १

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यबिधीको नाम "कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधी २०७९" रहेको छ ।

(२) यो कार्यबिधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

(क) "गाँउपालिका भन्नाले" कटहरी गाँउपालिका मोरङ्गलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका भन्नाले" कटहरी गाँउ कार्यपालिका मोरङ्गलाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कटहरी गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले कटहरी गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले कटहरी गाँउपालिका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "AI"{Artificial Insemination} पशुपालनमा गरिने कृत्रिम गर्भाधान प्रकृयालाई सम्झनु पर्दछ ।

(छ) "कृषक" भन्नाले यस गाँउपालिकामा स्थायी वा अस्थायी बसोबास गर्ने सम्पुर्ण कृषकहरुलाई सम्झनु पर्छ ।

(ज) "कृषक समुह" भन्नाले गाँउपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि बिषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनु पर्दछ ।

(झ) "पशुपंक्षी" भन्नाले घरपालुवा रुपमा पालिने सम्पुर्ण जनावरहरुलाई सम्झनु पर्छ यसमा कुकुर तथा हाँस र अन्य पशु वा पंक्षीलाई समेत जनाउँदछ ।

() "पशुपंक्षी तथा मत्स्य बिकास शाखा" भन्नाले कटहरी गाँउपालिका पशुपंक्षी सेवा शाखालाई सम्झनु

देवराज चौधरी
अध्यक्ष

CS CamScanner

देवराज चौधरी
अध्यक्ष

पर्छ ।

(ड) "शाखा प्रमुख" भन्नाले कटहरी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय पशुपंक्षि तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ ।

(ढ) "पशुसेवा प्राविधिक" भन्नाले कटहरी गाँउपालिकाबाट करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यविधी बमोजिम नियुक्ती भएका वा प्रदेश लोकसेवाबाट सिफारिस भई नियुक्ती हुन भई आएका वा नेपाल सरकार कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ बमोजिम समायोजन भएका सम्पुर्ण नायव पशुसेवा प्राविधिक,नायव पशु स्वास्थ्य प्राविधिक,पशुसेवा प्राविधिक, पशु स्वास्थ्य प्राविधिक, प्राविधिक अधिकृतका साथै सम्पुर्ण पशु सेवा सँग संम्बन्धित कर्मचारीहरु सम्झनु पर्दछ ।

(ण) "उपचार सेवा" भन्नाले पशुपालन संम्वन्धी गरिने सम्पुर्ण उपचार सेवा सम्झनु पर्दछ ।

(त) "प्रस्तावना" भन्नाले संघ,प्रदेश,सरकार स्थानिय सरकार वा अन्य विभिन्न निकायबाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउँदछ ।

(थ) "कार्यक्रम" भन्नाले पशुपालन सँग संम्बन्धित बिभिन्न कार्यक्रमहरु भन्ने सम्झनु पर्दछ ।

(द) "लक्षित बर्ग" भन्नाले गाँउपालिका भित्र बसोबास गर्ने बिभिन्न बर्गका क्षमत्ता भएका कृषकहरुलाई सम्झनु पर्दछ ।

(ध) "साझेदारी" भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागी सरकारी गैह्र सरकारी र निज स्वयम किसान बिचको द्धिपक्षिय बहुपक्षिय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनु पर्दछ ।

(न) "अनुदान" भन्नाले संघ प्रदेश र स्थानिय तह वा अन्य कुनैपनि निकायबाट नियमानुसार प्रदान हुने अनुदान रकम सम्झनु पर्दछ । यसमा नगद वा जिन्सी समेतलाई सम्झनु पर्दछ ।

(प) "विषयगत शाखा" भन्नाले कटहरी गाँउपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ ।

३. कार्यक्रमको उदेश्य :

१) गाँउपालिका भित्र आर्थिक बिकासको मेरुदण्डको रुपमा रहेको पशुपालन ब्यवसायलाई कृत्रिम गर्भाधानको माध्यमबाट उन्नत ब्यवसायिक र नाफामुखि बनाउने ।

२) यस गाँउपालिकामा पुर्ण रुपमा निशुल्क कृत्रिम गर्भाधानको माध्यमबाट उन्नत जातको पशुपंक्षी उत्पादन र उत्पादकत्वमा बृद्धि गरि दिगो र फराकिलो आर्थिक बिकास गर्ने ।

३) निरन्तर नियमित सेवा प्रवाहको माध्यमबाट उन्नत नश्लका पशु उत्पादनमा जोड दिई उत्पादकत्वमा बृद्धि गर्ने ।

४) प्रजनन विकृतिबाट हुन सक्ने सम्भावित क्षत्तिलाई कम गरि उत्पादकत्वमा बृद्धि गर्ने ।

५) कृत्रिम गर्भाधानको दरलाई अभिबृद्धि गरि दिगो फराकिलो आर्थिक बृद्धिदर बढाउने ।

४. बित्तिय श्रोत तथा प्राबिधिक कर्मचारी ब्यवस्थापन परिचालन :

१) गाँउपालिकाको सवै वडाहरुमा सेवा बिस्तारको लागी पशुपंक्षी तथा मत्स्य बिकास शाखामा रहेका करार तथा स्थायी जनशक्तिबाट मार्फत सेवा प्रवाह गरिने छ ।

२) यस गाँउपालिकामा संकलन हुने आन्तरिक राजश्व आम्दानी बित्तिय समानिकरण अनुदान राजश्व बाडफाटबाट प्राप्त हुने बार्षिक श्रोतबाट गाउँसभा/कार्यपालिकाको निर्णय अनुसार कार्यक्रमहरुको ब्यवस्थापन गरिने छ ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

देवराज चौधरी

५. पशु सेवा प्राबिधिकको कृत्रिम गर्भाधान सम्बन्धी जिम्मेवारी तथा कार्यविवरण :

१. उन्नत जातको पशु उत्पादनको लागी कृत्रिम गर्भाधान सबै वडाका सबै कृषकहरुमा सेवा सुविधा पुर्याउने

२. पशु सेवा विस्तार कार्यको लागी उन्नत प्रविधी प्रसार गरी गाई/भैसी र बाख्रामा अनिबार्य रुपमा कृत्रिम गर्भाधान गराउनको लागी प्रसार कार्य गर्ने ।

३. गाँउपालिका भित्र भएका तथा गाँउपालिकासंग सिमाना जोडीएका सम्पुर्ण पशुपन्छीहरुमा गरिएका कृत्रिम गर्भाधान प्रगती प्रतिबेदनको यकिन डाटा अनुसुची १ अनुसारको ढाँचामा तयार गरी संबन्धित शाखामा मासिक रुपमा पेश गर्ने ।

४. अनुदानमा आधारित हुने सम्पुर्ण कृयाकलापहरुको अनुगमन मुल्याँङ्कन निरिक्षण साथै प्राविधिक रुपमा सल्लाह सुझाव परामर्श दिने ।

५. संघ प्रदेश सरकार तथा स्थानिय निकाय र बिभिन्न दातृनिकायहरुबाट कुनै कृत्रिम गर्भाधानका कार्यक्रम भएमा सो कार्य गर्ने गराउने ।

६. सेवा सुविधा प्रवाह तथा बित्तिय ब्यवस्थापन :

१. गाँउपालिकाको सबै वडाहरुमा सेवा बिस्तारको लागी शाखामा रहेका स्थायी तथा करार प्राविधिक जनशक्तिहरु मार्फत वडा कार्यालय वा पशुपंक्षी तथा मत्स्य बिकास शाखामा पशुपन्छी ल्याई कृत्रिम गर्भाधान गराईएमा वा कृषकको घर दैलोमा गई पशु प्राविधिकबाट कृतिम गर्भाधान सेवा प्रदान गरेमा सेवा प्रदायक पशु प्राविधिकलाई देहाय बमोजिमको यातायात तथा इन्धन सुविधा कार्यालयबाट उपलब्ध गराइनेछ । सो सुविधा प्राप्त गर्नका लागी सेवा प्रदायक पशु प्राविधिकले अनुसुची १ बमोजिमको फारामलाई संबन्धित कृषक र संबन्धित वडाबाट प्रमाणित गराई बिषयगत शाखामा पेश गर्नु पर्दछ ।

| सिं नं. | भिन्न समय अवस्था र कार्यालय परिसर बाहिरको ब्याख्या तथा पुष्टयाई | प्रोत्साहन वापतको भुक्तानी हुने रकम | प्रोत्साहन वापतको भुक्तानी हुने ईन्धन | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय समय भित्र हाजिर भई कार्यक्षेत्र भित्र संबन्धित कृषकको घरमा पुगि कृतिम गर्भाधान कार्य गर्नुपर्ने अवस्थामा प्रति कृतिम गर्भाधान कार्य गरे वापत | २०० | मासिक ७ लिटर | भुक्तानीको लागी अनुसुची १ अनुसारको ढाँचालाई संबन्धित वडाध्यक्ष तथा संबन्धित कृषकबाट प्रमाणित गरेको हुनुपर्दछ । |
| २ | काम बिशेषले आफनो कार्यक्षेत्र भन्दा अन्य वडामा कृतिम गर्भाधान गरेवापत | ३०० | | |
| ३ | कार्यालय समय भन्दा बाहिर बिहान ५ बजे देखि ९ बजे सम्म र बेलुका ५ बजे देखि ९ बजे समेम कार्यक्षेत्र भित्र प्रति कृतिम गर्भाधान वापत | ३५० | | |

देवराज चौधरी

६. सेवा सुविधा भुक्तानी संबन्धी ब्यवस्था :

१. यो कार्यक्रम लागु भए पछि गाँउपालिका भित्र सेवा प्रवाह विस्तार पश्चात प्रत्येक महिना अनुसुची १ अनुसारको मासिक प्रगती प्रतिबेदन वडा कार्यालयबाट प्रमाणित गरि संबन्धित शाखामा पेश भए पश्चात मात्र कार्यबिधीमा उल्लेख भए अनुसारको रकम भुक्तानी हुनेछ ।

७. अनुगमन मुल्यांङ्कन तथा सिफारिस समिती ब्यवस्था तथा काम कर्तब्य अधिकार :

१. गाँउ कार्यपालिकाले कार्यपालिका सदस्य जननिर्वाचित प्रतिनिधी वा बिषयगत शाखाका पदाधिकारीबाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन मुल्यांङ्कन गर्न सक्नेछ ।

२. यस कार्यक्रम कार्यन्वयनको अनुगमन मुल्यांङ्कन गरी अगामी बर्षको कार्यक्रम कार्यन्वयन तथा दिगोपनाको लागी देहाय अनुसारको एक सिफारिस समिती रहनेछ ।

| | |
|---|---|
| गाँउपालिकाको अध्यक्ष | संयोजक |
| गाँउपालिकाको उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धित बिषयगत शाखा प्रमुख | सदस्य सचिब |

३. साथै कार्यबिधीको उदेश्य अनुरुप कार्यको प्रभावशाली मुल्यांङ्कन गरी आवश्यक निर्णय सहित गाँउ कार्यपालिकाको कार्यालयमा प्रतिबेदन पेश गर्नेछ ।

८. अभिलेख तथा प्रगती प्रतिबेदन :

१. यस कार्याकमले निर्धारण गरेको सम्पुर्ण अनुसुची अनुसारको कागजपत्रहरुको ब्यवस्थापन गर्न कार्य संबन्धित बिषयगत शाखाले गर्नु पर्दछ ।

२. चौमासिक र बार्षिक रुपमा संबन्धित बिषयगत शाखाले गाँउ कार्यपालिकामा प्रगती प्रतिबेदन पेश गर्नु पर्नेछ ।

९. बाधा अडकाउ फुकाउने :

यस कार्यबिधी कार्यन्वयनमा कुनै बाधा अडकाउ परे गाँउ कार्यपालिकाले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

११. परिमार्जन तथा शंसोधन :

यो कार्यबिधीलाई आवश्यक्ता अनुसार गाँउ कार्यपालिकाले परिमार्जन तथा शंसोधन गर्न सक्नेछ ।

देवराज चौधरी
अध्यक्ष

## कटहरी गाँउपालिका
## कृतिम गर्भाधान सञ्चालन कार्यबिधी २०७९
## दफा ५ को उपदफा ३ सँग संबन्धित
## आ.ब. २०७९/०८० कृतिम गर्भाधान प्रगति बिबरण

देवराज चौधरी
अध्यक्ष

| सि नं. | कृषकको नाम/थर | ठेगाना | सम्पर्क नं. | कृतिम गर्भाधान गरेको बस्तुको बिबरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गाई | | भैसि | | बाखा | | अघिल्लो बेतको दुध दैनिक उत्पादन लि. | अघिल्लो पटक प्राकृतिक वा कृतिम गर्भाधान गरेको बिबरण | कृतिम गर्भाधान गरेको मिति | कृतिम गर्भाधान गरेको समय | अनुमानित ब्याउने मिति | संबन्धित कृषकको दस्तखत |
| | | | | उन्नत | स्थानिय | उन्नत | स्थानिय | उन्नत | स्थानिय | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

कृतिम गर्भाधान गर्ने
कर्मचारीको नाम :
दस्तखत :

प्रमाणित गर्ने
संबन्धित वडाको वडाध्यक्षको
दस्तखत :

देवराज चौधरी
अध्यक्ष

आज्ञाले
रोहिणी आचार्य
प्रमुख प्रशासकिय अधिकृत